
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १४९ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०८१ जेठ २९ गते मंगलबार ❑ 11 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## मुख्यमन्त्री पाण्डेलाई दोश्रो पटक विश्वासको मत

### फ्लोर क्रस गर्ने प्रदेशसभा सदस्य देवकोटालाई माओवादीले कारबाही गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सोमबार विश्वासको मत प्राप्त गर्नु भएको छ।

मुख्यमन्त्री पाण्डेले सदनमा विश्वास मत माग्दै प्रशताव पेश गरेकोमा उहाँले बहुमत प्राप्त गर्नु भएको हो । पाण्डेको पक्षमा ३१ मत परेको छ भने उहाँको विपक्षमा २८ मत परेको सभामुख कृष्ण धितालले बताउनु भयो । ६० सदस्यीय गण्डकी प्रदेश सभामा कांग्रेसका २७ जना सांसद रहनु भएको थियो भने बाँकी ४ जना सांसद पाण्डेले आफ्नो पक्षमा ल्याउनु भएको थियो । दुई सांसद रहेको राप्रपाले मुख्यमन्त्री पाण्डेलाई विश्वास मत दिनु भएको थियो भने थप दुई सांसद राजीव गुरुङ (दीपक मनाङ्गे) र फणिन्द्र देवकोटाकोले समेत साथ दिनु भएको हो । नेपाल समाजवादी पार्टीका अध्यक्ष बाबुराम भट्टराईकै पार्टीका देवकोटा गत चुनावमा माओवादी केन्द्रको चुनाव चिन्हमा जित्नु भएको थियो । तर यसपटक देवकोटाले पाण्डेको पक्षमा मत दिनु भएको हो । देवकोटाले फ्लेर क्रस गरे पछि प्रमुख प्रतिपक्ष दल सहित प्रतिपक्ष दलले दलीय व्यबस्था



कायम गर्न माग गर्दै नारा बाजि गर्नु भएको थियो । गण्डकीका तत्कालीन मुख्यमन्त्री खगराज अधिकारीले लिएको विश्वासको मतलाई असंवैधानिक घोषणा गर्दै सर्वोच्च अदालतले पाण्डेलाई मुख्यमन्त्रीमा नियुक्त गर्न परमादेश जारी गरेको थियो । पाण्डे नेपालको संविधानको धारा १६८ को उपधारा ३ बमोजिम मुख्यमन्त्रीमा नियुक्त हुनु भएको थियो । गण्डकीमा एमालेको २२ र माओवादी केन्द्रको सभामुख सहित ८ सांसद रहनु भएको छ। गण्डकी प्रदेश सरकार नीति कार्यक्रम र बजेटको अन्तिम तयारीमा छ। असार १ गते बजेट ल्याउनुपर्ने कानुनी ब्यवस्था रहेको छ । मुख्यमन्त्री नियुक्त भएको एक महिनाभित्र प्रदेश सभाबाट विश्वास मत लिनुपर्ने संवैधानिक व्यवस्था छ। यसैगरी फ्लोर क्रस गरेर गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई विश्वासको मत दिनुभएका नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) गण्डकी प्रदेशसभा संसदीय दलका सदस्य फणिन्द्र देवकोटालाई सो दलले कारबाही गर्ने भएको छ।

संसदीय दलको ह्वीप उल्लङ्घन गरेकाले उहाँलाई कारबाहीको प्रकृया अगाडि बढाइएको माओवादी केन्द्र संसदीय दलका नेता हरिबहादुर चुमानले जानकारी दिनुभयो । “प्रकृया पूरा भएपछि सभामुखलाई कारबाहीको सूचना दिन्छौँ”, उहाँले भन्नुभयो, “संसदीय दलको निर्णय विपरीतको क्रियाकलाप गरेपछि उहाँलाई कारबाही गर्नुपर्ने अवस्था आएको हो ।” नेपाल समाजवादी पार्टी (नेसपा) मा आबद्ध देवकाटा माओवादी केन्द्रको चुनाव चिन्ह लिएर गोरखा-२ (क) बाट निर्वाचित हुनुभएको थियो । राजनीतिक दल फरक रहेपनि प्रदेशसभामा उहाँ माओवादी केन्द्रको संसदीय दलको सदस्यका रुपमा रहनुभएको छ । राजनीतिक दलसम्बन्धी ऐनको दफा ४९ मा दुई वा दुईभन्दा बढी दलले एकल चुनाव चिन्ह लिई निर्वाचनमा भाग लिनसक्ने तर जुन दलले बढी सिट प्राप्त गर्छ त्यही दलका नाममा एउटा मात्र संसदीय दल गठन हुने व्यवस्था छ । यसैबीच नेपाल समाजवादी पार्टीका प्रवक्ता कृष्णा शर्माले प्रेस विज्ञप्ति जारी गर्दै प्रदेशसभा सदस्य फणिन्द्र देवकोटाले मुख्यमन्त्री पाण्डेलाई दिएको विश्वासको मत संविधानसम्मत् भएको दाबी गर्नुभएको छ । “निर्वाचनपश्चात निर्वाचन आयोगले उहाँलाई नेपाल समाजवादी पार्टीको विजयी सांसदका रुपमा प्रमाणपत्र र परिचयपत्र दिएको हो । निर्वाचन आयोगमो अभिलेखमा समेत नेपाल समाजवादी पार्टीका प्रदेशसभा सदस्य भनेर उल्लेख गरेको अवस्था छ। तसर्थ गण्डकी प्रदेशसभामा पार्टीले संविधान र कानुनले दिएको अधिकार प्रयोग गरी विश्वासको मत दिएको हो”, विज्ञप्तिमा भनिएको छ।

## ‘एसइईको नतिजा असार दोस्रो साताभित्र सार्वजनिक गर्नेगरी काम भइरहेको छ’

**रासस**
काठमाडौं, २८ जेठ

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले यसवर्षको माध्यामिक शिक्षा परीक्षा (एसइई)को नतिजा असार दोस्रो साताभित्र सार्वजनिक गर्नेगरी काम भइरहेको जनाएको छ।

परीक्षा नियन्त्रक नन्दलाल पौडेलले कार्यालयले तयार पारेको कार्ययोजनाअनुसार उत्तरपुस्तिका परीक्षण र अङ्कभार प्रविष्ट गराउने काम सकिएको जानकारी दिनुभयो । उहाँले कार्ययोजनाअनुसार काम भइरहेकाले असार दोस्रो साताभित्र नतिजा सार्वजनिक गर्ने गरी अन्य काम तीव्र गतिमा भइरहेका बताउनुभयो । “हामीले उत्तरपुस्तीका परीक्षण र अङ्क अभिलेखको काम सकेका छौँ । प्राविधिक त्रुटि नदेखिए केही दिन अगाडि नै नतिजा प्रकाशित गर्न र कुनै समस्या भए दोस्रो साताभन्दा पर नजाने गरी काम भइरहेको छ । कर्मचारीका विभिन्न समूह बनाएर काम भइरहेकाले निर्धारित समयमै नतिजा सार्वजनिक गर्छौं”, उहाँले भन्नुभयो । उहाँले ५२ वटा परीक्षण केन्द्रमा उत्तरपुस्तिका परीक्षण गरिएको जानकारीसमेत दिनुभयो। गतवर्ष असार २४ मा एसइईको नतिजा सार्वजनिक गरेको बोर्डले यसवर्ष १४ दिन अगावै नतिजा सार्वजनिक गर्ने गरी तयारी गरेको भन्दै परीक्षा नियन्त्रक पौडेलले यसवर्ष सैद्धान्तिक र प्रयोगात्मकलाई फरक गरेर सार्वजनिक गरिने बताउनुभयो । यसवर्षको नतिजामा विद्यार्थीले सैद्धान्तिक तर्फ ७५ अङ्कको परीक्षामा ३५ प्रतिशत अर्थात् २७ अङ्क अनिवार्य ल्याउनै पर्ने अन्यथा फेल भए सरह मानिने बताउनुभयो। गत चैत १५ गतेदेखि सुरु भएको यसवर्षको परीक्षामा नियमिततर्फ चार लाख ६७ हजार र ग्रेड वृद्धितर्फ २१ हजार विद्यार्थीले परीक्षा दिएका छन् ।

## बजाजले ल्यायो साटा-साट योजना

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ

इच्छाशक्ति अटोमोबाइल्स नयाँबजार पोखराले अफर योजना अन्तर्गत बजाज साटा-साट अफर ल्याएको छ।

यो अफर अन्तर्गत कुनै पनि कम्पनीको पुरानो मोटरसाइकल सट्टापट्टा गर्दा थप मूल्यका साथ साटासाट गर्न पाइने छ। यस्तै जुनसुकै बाइकसँग साटफेर




गर्दा, फाइन्सको सुविधा, ५ वर्ष वारेन्टी, २४ वटा सर्भिसिङ, १ वर्ष व्याट्री ग्यारेन्टी, एक वर्षको कर छुट लगायतका सुविधाको व्यवस्था गरेको छ।

एक्सचेन्ज गर्न आउने ग्राहकका लागि आर्कषक गिफ्ट हेम्पर पाईने व्यवस्था समेत गरेको व्यवस्थापक भगवान विजुक्छेले जानकारी दिए । यो योजना जेठ २७ गतेदेखि ३२ गतेसम्म रहेको छ।

## भित्रियो यस वर्षको मनसुन प्रणाली

**रासस**
काठमाडौं, २८ जेठ

यस वर्षको मनसुन प्रणाली कोशी प्रदेशको पूर्वी भू-भागमा सोमबारदेखि भित्रिएको छ।

नेपालमा मनसुन भित्रिने सरदर मिति जुन १३ हो। यस वर्षको मनसुन सरदर मिति भन्दा तीन दिन छिटो भित्रिएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । नेपालका ी

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## बेनी-जोमसोम-कोरला योजना : आठ वर्षमा ८० प्रतिशत प्रगति

**रासस**
म्याग्दी, २८ जेठ

आठ वर्षअघि निर्माण सुरु भएको राष्ट्रिय गौरवको कालिगण्डकी कोरिडोरअन्तर्गत बेनी-जोमसोम-कोरला सडक योजनाको ८० प्रतिशत भौतिक प्रगति भएको छ।

भारतीय सिमानामा रहेको त्रिवेणी र चीनको कोरला नाकालाई जोड्ने गण्डकी प्रदेशको ‘भाग्यरेखा’ मानिएको यो सडक पूर्वाधार, आर्थिक, व्यापारिक, जलविद्युत्, पर्यटन र धार्मिक विकासका लागि महत्वपूर्ण मानिएको छ।

पर्वतको मालढुङ्गादेखि म्याग्दी हुँदै मुस्ताङको कोरला नाकासम्मको दुई सय दुई किलोमिटर दूरीको सडक स्तरोन्नति र सडकमा पर्ने खोलामा पुल निर्माण गर्न विसं २०७३ देखि योजना निर्माण सुरु भएको थियो। योजनाको २०८१ जेठ अन्तिम सातासम्मको भौतिक प्रगति ८० प्रतिशत रहेको आयोजना प्रमुख ध्रुवकुमार झाले आइतबार बेनीमा आयोजना भएको कार्यक्रममा जानकारी गराउनुभयो । रु १० अर्ब लागत अनुमान गरिएको यो सडक आर्थिक वर्ष २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । निर्धारित समयमा काम सम्पन्न हुन नसकेपछि आयोजना



अवधिलाई आव २०८२/८३ सम्म लम्बाइएको छ । सडक र पुल निर्माणका लागि रु सात अर्बको ठेक्का सम्झौता भएकोमा हालसम्म रु छ अर्ब खर्च भएको आयोजना प्रमुख झाले बताउनुभयो । “एक सय पाँच किलोमिटर कालोपत्र गर्ने लक्ष्य रहेकोमा हालसम्म ४८ किलोमिटर कालोपत्र, पाँच किलोमिटर ढलान र ८५ किलोमिटर ग्राभेल भएको छ”, उहाँले भन्नुभयो, “२४ वटा मोटरेबल पुल निर्माण गर्नुपर्नेमा १९ वटाको ठेक्का लागेको, १० वटा निर्माण सकिएको, पाँच वटा निर्माणाधीन, चार वटाको ठेक्का तोडेको र पाँच वटा पुल ठेक्का प्रक्रियामा जान बाँकी छ ।” मालढुङ्गादेखि कागबेनीसम्म आठ वटा खण्डमा कालोपत्र गर्ने ठेक्का सम्झौता भएकोमा तीन वटा सकिएको, पाँच वटा जारी रहेको छ। बेनी, तातोपानी र रुप्सेमा तीन वटा अस्थायी बेलिब्रिज जडान गरेर यातायात सञ्चालन गरिएको छ । सडकको क्षेत्राधिकारभित्र रहेको घरटहरा, पूर्वस्वीकृति नलिई जथाभावी शाखा सडक निर्माण गरिनु, कमजोर भूवनोट, नदी कटान र बाढी पहिरो, सर्वोच्च अदालतले कालीगण्डकी नदीबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खननमा रोक लगाउनु आयोजना निर्माणमा ढिलाइका कारण भएको आयोजना प्रमुख झाले बताउनुभयो । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ संयोजक रहेको ठूला आयोजना अनुगमन समितिको टोलीले बेनीमा जनप्रतिनिधि, म्याग्दी, पर्वत र बागलुङका प्रमुख जिल्ला अधिकारीका साथै सरोकारवालासँग बेनी-जोमसोम-कोरला सडक योजना निर्माणमा भएको ढिलाइका विषयमा छलफल गरेको छ । “बेनी-जोमसोम-कोरला सडक निर्माणलाई तीव्रता दिनका लागि समस्या र समाधानको उपाय पहिचान गर्न स्थलगत अध्ययनका लागि आएका हौँ”, उपाध्यक्ष श्रेष्ठले भन्नुभयो, “कोरला नाकालाई व्यावसायिक हिसाबले सञ्चालनका लागि पहुँचमार्गलाई सहज बनाउन सडक स्तरोन्नति र पुल निर्माणलाई जति सक्दो छिटो सम्पन्न गराउन उच्च स्तरबाट पहल थालेका हौँ ।”

छलफलमा सहभागी गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली, जिल्ला समन्वय समितिका प्रमुख राजकुमार थापा, बेनी नगरपालिकाका प्रमुख सुरत केसी, बागलुङका प्रमुख जिल्ला अधिकारी नेत्र सुवेदी, पर्वतका प्रजिअ केदारनाथ शर्मा, म्याग्दीका लक्ष्मण ढकाल र मुस्ताङका जनकराज पन्तले वैकल्पिक स्रोतबाट नदीजन्य पदार्थको व्यवस्थापनका लागि सहजीकरण गर्ने प्रतिबद्धता जनाउँदै निर्माण व्यवसायी जिम्मेवार र आयोजना जवाफदेही बन्नुपर्ने बताउनुभयो। नदी कटान र पहिरो प्रभावित ठाउँमा नियन्त्रणका साथै वैकल्पिक सडक तयार पार्नका लागि पनि जिल्लाका सरोकारवालाले टोलीलाई सुझाव दिएका छन् ।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सेती नदीका बिषयमा जिसस कास्कीको चासो

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ



जिल्ला समन्वय समिति कास्कीले सेति नदीको पर्यावरण र सुन्दरतामा असर पर्ने गरि जथाभाबी उत्खनन गरिएको भन्ने गुनासो बढेपछी सोमबार समन्वयात्मक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले सेती नदी र यस क्षेत्रको संरक्षणमा सरकारी निकायहरू अति गम्भिर र प्रभाबकारी ढंगले लागि पर्न आग्रह गर्दै लापर्बाहिपूर्ण कार्य गर्ने जो कोहि पनि कानुनी दायरामा आउनुपर्ने बताउनुभयो । नियम कानुनको उल्लंघन राज्य बिरूद्धको गम्भीर अपराध भएको उल्लेख गर्दै प्रमुख पौडेलले त्यस्तालाइ कडा कारबाही गर्न स्थानिय तह र सरोकारवाला सरकारी निकायका प्रमुखहरूलाइ आग्रह गर्नुभयो । स्थानीयबासी, सरकारी निकाय सहित गैरसरकारी संस्थाहरू र आम जनताको सामुहिक सहकार्यबाट मात्रै सेती नदिको प्रदुषण र लापर्बाहीपूर्ण उत्खनन न्यूनीकरण हुने पौडेलको भनाइ थियो।

प्रमुख पौडेलले जिल्ला समन्वय समितिले अबैध कार्यका सम्बन्धमा पटक पटक स्थलगत अनुगमन सहित त्यसलाइ रोक्न आग्रह गरेपनी पालिकाहरू संबेदनशील नदेखिनु र अन्य सरकारी निकायहरू कार्यान्वयनमा उदासिन देखिनु चिन्ताको बिषय भएको उल्लेख गर्नुभयो । पौडेलले छलफलका क्रममा देखिएका समस्या ,चुनौती ,कानुनी र नितिगत समस्या हल गर्न सरकारको ध्यानाकर्षण गराउने उल्लेख गर्दै गम्भीर ढंगले समन्वय गर्ने उल्लेख गर्नुभयो। पौडेलले ढुंगा गिटि बालुवा र नदिजन्य बस्तुको उपभोगमा नितिगत त्रुटि सच्याउन र स्पष्ट कानुनहरूको परिपालना गराउन राजनितिक नेतृत्वको ध्यानाकर्षण गराउने उल्लेख गर्नुभयो । सेती नदी संरक्षण अभियानका अध्यक्ष हेमराज पौडेलले सेती नदी माथी जथाभाबी दोहन हुँदा समग्र गण्डकी प्रदेशको जनजिबन नै प्रभावित भएको भन्दै गैर कानुनी उत्खननले समस्या थप जटिल हुँदै गएको उल्लेख गर्नुभयो।

पौडेलले नदिमै डोजर चलाउने, भौतिक संरचनाको बेबास्ता गर्दै कतिपय स्थानमा ढुङ्गा, गिटि र बालुवाको उत्खनन, संरक्षण बिनाको बिक्रीवितरण, उपभोग चिन्ताको बिषय भएको उल्लेख गर्नुभयो। उहाँले आफुहरूले सरोकारवाला सरकारी निकायहरूलाइ पटक पटक ध्यानाकर्षण गराउदा समेत स्थानिय तह सहितका सरकारी निकायहरू संरक्षणमा गम्भीर नदेखिएको गुनासो गर्दै उहाँले अब संरक्षणका लागि व्यापक जनदवाब नै खाचो भएको उल्लेख गर्नुभयो। पोखरा पर्यटनको राजधानी घोषणा भैसकेको अबस्थामा सेतिको प्रदुषण र बिग्रदो पर्यावरणले सबै पोखेलीहरूलाई थप चिन्तित बनाएको उल्लेख गर्नुभयो। संयोजक पौडेलले संरक्षणका लागि आफुहरूले नदीमा फोहोर बिसर्जनमा पूर्ण प्रतिबन्ध लगाउने, नदिको सिमान्कन, चेक ड्यामहरूको निर्माण, दुबै किनाराहरूमा बृक्षारोपण सहित चौतारीहरू निर्माण, हरित साइक्लिङ र पदयात्रा सडक निर्माण, नदी किनारामा अबैध बसोबास गरेकाहरूको स्थानान्तरण, आसपासका जमिन, भौतिक संरचना र सम्पदा संरक्षण लगायतका बिषय समेटेर एक गुरुयोजना र नौ वटा सहायक योजना निर्माण गरि स्थानिय तहहरू र गण्डकी प्रदेश सरकारको ध्यानाकर्षण समेत गराएको उल्लेख गर्नुभयो।

मिलेमतोमा गैर कानुनी काम जारी भएको र दण्डहिनताले प्रशय पाएको अन्तरक्रिया कार्यक्रममा अधिकांस सहभागीहरूले गुनासो गरेका थिए। कार्यक्रममा जि. स. स. कास्कीका उप-प्रमुख सरिता माल,माछापुच्छे गाउँपालिकाका प्रमुख मीन बहादुर गुरुङ, कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डे, कास्कीका प्रहरी प्रमुख मोहन कुमार थापा, ससस्त्र प्रहरी बल कालिका गण मालेपाटनका प्रमुख अरूण शर्मा, कास्कीस्थित पालिकाका प्रमुखहरू सहित जि .स.स.कास्कीका सदस्यहरू, सेती नदि संरक्षण अभियानका पदाधिकारी एबम सदस्यहरू ,सरोकारवाला निकाय एक्याप,जलस्रोत तथा सिचाइ डिभिजन ,बृहत जलाधार, पोखरा महानगर, बाताबरण तथा प्राबिधिक शाखा, कृषि ज्ञान् केन्द्र, जलबायु तथा मौसम कार्यलय सहित सरोकारवाला ब्यक्तिहरूले सेती नदीमा देखिएका समस्या, चुनौती र निराकरणका सम्बन्धमा आ -आफ्नो धारणा ब्यक्त गर्नुभएको थियो । जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा कार्यक्रमको संचालन कास्कीका जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नु भएको थियो।

# जनप्रिय क्याम्पसमा पर्यटन उद्यमीसँग शैक्षिक सम्वाद

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ



जनप्रिय बहुमुखी क्याम्पसले पोखरालाई पर्यटनको राजधानी घोषण गरेपछि अव के ? भन्ने विषयमा पर्यटन उद्यमीसँग शैक्षिक सम्वाद कार्यक्रम सम्पन्न गरेको छ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष एवम् प्रमुख अतिथि वीरेन्द्रनारायण विजुक्छेले प्राकृतिक, साँस्कृतिक र भौलिक रूपले विश्वसामु चिनिएको पोखराले पर्यटकलाई अधिकतम सेवा दिएर सिटी कर लगाउन सुझाव दिदै सहरी सरसफाइ, अनुशासन, सडक सुरक्षा र तथ्याङ्क राख्न पर्यटन व्यवसायीलाई आग्रह गरे।

गण्डकी प्रदेश नीति तथा योजना आयोगका निवर्तमान उपाध्यक्ष डा. श्रीकान्त शर्मा खतिवडाले राजधानी घोषणपछि पोखराको ब्रान्डिङ र प्रमोसनमा सहयोग पुग्ने हुँदा तीन तहका सरकार, नागरिक समाज र उद्यमी व्यवसायीले समन्वयात्मक भूमिका निर्वाह गर्न जोड दिए। खतिवडाले दीगो पर्यटनका लागि स्थानीय उत्पादन बढाउने, जनशक्ति मुलुकभित्रै टिकाउने, मुग्लिन, राम्दी र एयरपोर्टमा तथ्याङ्क सङ्कलन केन्द्र राख्नुपर्ने बताए। पश्चिमाञ्चल होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले पोखरालाई पर्यटनको राजधानी घोषणा गरेर मात्रै उपलब्धि हासिल हुँदैन्, नेपाल पर्यटन बोर्ड र पोखरा महानगरपालिकाले ठोस योजना कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । सुवेदीले पर्यटन व्यवसायी एक दशकसम्म द्वन्द्वमारमा, त्यसपछि महाभूकम्प, नाकाबन्दी, कोभिड-१९ को महामारी र आर्थिक मन्दीजस्ता समस्याले शिथिल भएको जनाए। पोखरालाई पर्यटनको राजधानी घोषणा गर्ने आधारका बारेमा पर्यटनविद् डा. रामजी शर्माले गण्डकी प्रदेश नेचर, कल्चर र एड्भेन्चरमा अगाडि रहेकाले २० वटा सूचाङ्कमा सुझाव दिएको बताए । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका निमित्त प्रमुख नवीन पोखरेले पोखरालाई सस्तो गन्तव्य बनाउनु भन्दा गुणस्तरीय सेवा दिएर खर्च गर्ने पर्यटक आमन्त्रण गरी डाटा सिस्टममा जान पर्यटन व्यवसायीलाई आग्रह गरे । पर्यटन व्यवसायी दोर्जे लामाले आफ्नो ४ दशक लामो अनुभव सुनाउँदै राजधानी घोषणासँगै सरसफाइ र सुरक्षित आवागमनसँगै व्यवहारिक अभ्यास गर्न सुझाए । विश्वविद्यालय अनुदान आयोगको सहयोगमा जनप्रिय बहुमुखी क्याम्पसको स्नातकतह पर्वतीय पर्यटन व्यवस्थापन र एमविए इन हस्पिटालिटी म्यानेजमेन्टको आयोजनामा पर्यटन उद्यमीसँग शैक्षिक सम्वाद कार्यक्रम गरिएको हो । समूह छलफलको सहजीकरण दिपेन्द्र पहारीले गरेका थिए। निमित्त क्याम्पस प्रमुख रमेशबहादुर खड्काको अध्यक्षामा भएको कार्यक्रममा स्वायत्त कार्यक्रम संयोजक दिव्यलक्ष्मी चालिसेले स्वागत मन्तव्य राखेकी थिइन भने विष्णु तिमिल्सिनाले कार्यक्रम सञ्चालन गरेका थिए।

# भित्रियो ...

दिनमा क्रमिक रूपमा मनसुन हुने अनुमान गरिएको छ।

आगामी मनसुनमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ५५ प्रतिशत रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

# गण्डकी प्रदेशस्तरीय फुटबलको उपाधि कास्कीले जित्यो

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ



गण्डकी प्रदेशस्तरीय फुटबल प्रतियोगिताको उपाधि कास्की जिल्लाले जितेको छ।

पोखरा रंगशालामा सोमबार सम्पन्न फाइनलमा तनहुँलाई टाइब्रेकरमा ४-३ ले पराजित गर्दै उपाधि जितेको हो। उपाधि संगै कास्कीले नगद २ लाख जितेको छ भने उपविजेता तनहुँले नगद १ लाखका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र हात पारेको छ।

निर्धारित समयमा दुबै टिम गोल गर्न असफल बने पछि खेल टाइब्रेकरमा धकेलिएको थियो। कास्कीकातर्फबाट सरोज गुरुङ, योगेश गुरुङ, आर्यन गिरी र आयूष्मान गुरुङले गोल गर्दा राजकुमार कुंवरको प्रहार गोल पोष्टमा लाग्दै बाहिरिएको थियो । यता तनहुँका लागि दिपेश आले, शान्त बहादुर गुरुङ र आश बहादुर गुरुङको प्रहार गोलमा परिणत हुँदा देव गुरुङको प्रहार गोल पोष्टमा लाग्दै बाहिरिंदा सजिन थापाको प्रहारलाई कास्कीका गोल किपर आकाश रानाभाटले बचाउ गरेका थिए । यस अघि निर्धारित समयमा कमजोर फिनिसिङका कारण दुबै टिम गोल गर्न असफल रहेका थिए।

प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडी तनहुँका शन्त बहादुर गुरुङ घोषित हुँदै नगद रु १० हजार हात पारे । त्यस्तै कास्कीका आकाश रानाभाट उत्कृष्ट गोलकिपर, कास्कीकै योगेश गुरुङ उत्कृष्ट डिफेन्डर, तनहुँका लक्षु थापा इमर्जिङ प्लेयर, कास्कीका विशन गुरुङ उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट प्रशिक्षक कास्कीका सन्तोष केसी घोषित भए । उत्कृष्ट घोषित भएका सबैले जनही नगद रु ५ हजारका साथमा ट्रफी प्राप्त गरेको गण्डकी प्रदेश फुटबल संघका महासचिव बिनोद गुरुङले बताए। प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना तथा गण्डकी प्रदेश फुटबल संघको ब्यवस्थापनमा सम्पन्न प्रतियोगितामा बिजेता खेलाडी तथा टिमलाई प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष धोज कुमार गुरुङ, प्रदेश खेलकुद परिषदका कार्यकारी सदस्य दिल बहादुर गुरुङ, अखिल नेपाल फुटबल संघ (एन्फा) का निवर्तमान अध्यक्ष कर्मा छिरिङ शेर्पा, संघका बरिष्ठ उपाध्यक्ष मिलन गुरुङ, प्रदेश खेलकुदका सल्लाहकार सुनिल गुरुङ, आग्रज समाजसेवी टिका कार्कीलगायतले ट्रफी, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए। सो अवसरमा बोल्दै प्रदेश खेलकुदका उपाध्यक्ष गुरुङले पछिल्लो क्रममा परिषदले खेलकुद विकासका लागि विभिन्न प्रतियोगिताहरु तय गरेको जनाउँदै पोखरालाई पर्यटनको शहरबा रुपमा मात्रै नभई खेल पर्यटन हवको रुपमा विकास गर्न सबैको सहयोग र सहकार्यको खाँचो रहेको औंल्याए।

कार्यक्रममा एन्फाका केन्द्रिय निवर्तमान अध्यक्ष शेर्पाले पछिल्लो समय नेपाली फुटबलको अवस्था खस्किँदै गएको अवस्था प्रति चिन्ता व्यक्त गर्दै फुटबल विकासका लागि जिल्ला र प्रदेश लिगहरुको आयोजनालाई अघि बढाउनुपर्ने बताए। समापन कार्यक्रम प्रदेश फुटबल संघका अध्यक्ष दिपेन्द्र श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो।

## डेंगीबाट कसरी बच्ने ?

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल–ढोकामा जाली लगाऔ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं।
- कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
- » शरिरको एक हर नचल्ने।
- » मुख बाङ्गो भएको।
- » खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
- » हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।

– थमस हार्डी

## सम्पादकीय

# दलीय व्यवस्था कमजोर बनाउने कदम

माओवादी केन्द्रको चुनाव चिह्नबाट जितेका फणिन्द्र देवकोटाले फ्लोर क्रस गर्दै मत दिएपछि गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विश्वासको मत पाएका छन् । ६० सदस्यीय प्रदेश सभामा मुख्यमन्त्री पाण्डेको पक्षमा ३१ मत पुगेको छ । प्रदेशसभामा कांग्रेसका २७ सांसद थिए, राप्रपाको २, स्वतन्त्र सांसद दीपक मनाङे र देवकोटाले मुख्यमन्त्री पाण्डेलाई विश्वासको मत दिए । माओवादी संसदीय दलको ह्वीप उल्लंघन गर्दै मत दिएर फणीन्द्रले मुख्यमन्त्री पाण्डेको कुर्सी जोगाइदिएका छन्।जता दिपक मनाङे उतै फणीन्द्र लागेका छन्। दलीय प्रणालीलाई भन्दा कांग्रेसका सुरेन्द्र पाण्डेलाई काँध थाप्न अघि सरेपछि माओवादीले ह्वीप उल्लंघनमा कारबाही गर्ने बताएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले, ' कारबाही प्रक्रिया अगाडि बढ्छ ।' भनेर पत्रकार सम्मेलनमा भनिसकेका छन । देवकोटाले भने माओवादीले कारबाही गर्न नमिल्ने जिकिर गरेका छन ।

गोरखा २ (क) बाट निर्वाचित देवकोटा, नेपाल समाजवादी पार्टी (नेसपा) का पोलिटब्युरो सदस्य भए पनि प्रदेशसभामा भने माओवादी संसदीय दलका सदस्य हुन् । राजनीतिक दलसम्बन्धी ऐन २०७४ को दफा ४९ मा दुई वा दुईभन्दा बढी दलले कुनै दलको चुनाव चिह्न लिएर संयुक्त रुपमा निर्वाचन लड्न पाउने व्यवस्था छ । त्यही कानुनी व्यवस्थाअनुसार २०७९ मंसिरको प्रतिनिधिसभा र प्रदेशसभा चुनावमा नेसपाका केही नेताले माओवादीको चुनाव चिह्नबाट निर्वाचनमा भाग लिएका थिए ।

ऐनको दफा ४९ (३) मा यसरी संयुक्त रुपमा निर्वाचनमा भाग लिएका दलमध्ये जसको धेरै सिट आउँछ, त्यही दलको नाममा मात्र संसदीय दल गठन हुने र संयुक्त चुनाव लडेर आएका सांसदहरु सोही संसदीय दलको सदस्य मानिने प्रष्ट उल्लेख छ। गण्डकीमा माओवादीको ७ र नेसपाका एक सांसद थिए । त्यसैले माओवादी केन्द्रको नाममा संसदीय दल गठन भयो र देवकोटा पनि माओवादी संसदीय दलका सदस्य भए । त्यसैले माओवादी संसदीय दलको बैठकहरुमा समेत सहभागी हुँदै आएका थिए ।

तर सोमबार उनले माओवादीको ह्वीप उल्लंघन गरे । अब विवाद माओवादीले कारबाही गर्न सक्छ कि सक्दैन भन्ने छ । नेपालको संविधानको धारा १८० मा कुन-कुन अवस्थामा प्रदेश सांसद पदमुक्त हुन्छ भनेर उल्लेख छ । उक्त धारामा 'जुन दलको उम्मेदवार भई सदस्य निर्वाचित भएको हो त्यस्तो दलले संघीय कानुन बमोजिम निजले दल त्याग गरेको कुरा सूचित गरेमा' पदमुक्त हुने व्यवस्था छ। ह्वीप उल्लंघन गर्ने सांसदले दल त्याग गरेको मानिन्छ । राजनीतिक दलसम्बन्धी ऐनको दफा २८ मा चार अवस्थामा दलले सांसदलाई ह्वीप लगाउन सक्छ भनेको छ । सरकारको विश्वास वा अविश्वासको प्रस्ताव सरकारको नीति तथा कार्यक्रम स्वीकृत गर्ने विषय बजेट पारित गर्ने विषय राष्ट्रिय तथा सार्वजनिक महत्वको अन्य कुनै प्रस्ताव उपदाफा ३ मा भनिएको छ, '(१) बमोजिमको निर्देशन पालना नगर्ने सदस्यको विवरण सचेतकले सम्बन्धित दलको केन्द्रीय समितिलाई दिनपर्नेछ । केन्द्रीय समितिले ह्वीप उल्लंघनमा कारबाही गरे सभामुखले पदमुक्त भएको सूचना दिनेछ ।'

माओवादीले अब देवकोटाले ह्वीप उल्लङ्घन गरेकोमा केन्द्रीय समितिबाट कारबाही गर्ने तयारी गरेको छ । माओवादी केन्द्रको संसदीय दलको सदस्यले म अर्को दलमा आबद्ध छु भन्ने तर्कका आधारमा उन्मुक्ति पाउने अवस्था हुँदैन ।' माओवादी संसदीय दलको समस्य भएकाले ह्वीप उल्लंघनमा कारबाही पनि माओवादी केन्द्रीय समितिले गर्नसक्ने नजीर छ । दलले दिएको सूचनामा सभामुखले निर्णय गर्नुपर्छ । गण्डकी प्रदेशमा जनमोर्चाका कृष्ण थापाले जनमोर्चाको ह्वीप नमानेको भन्दै पदमुक्त गराएको थियो ।कर्णाली प्रदेशमा महेन्द्र बहादुर शाहीको मुख्यमन्त्री पद जोगाउन एमालेका चार सांसदहरुले ह्वीप उल्लंघन गर्दै फ्लोर क्रस गरेकाको पद गएको थियो ।सभामुखले दलको पत्रलाई आधार मानेर सुचना निकालेपछि दलीय व्यवस्था कमजोर बनाउन खोज्ने हतोत्साहित हुनेछन् ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : व्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाव | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# विश्वकप क्रिकेट : भारतद्वारा पाकिस्तान पराजित

रासस

काठमाडौं, २८ जेठ

भारतले पाकिस्तानलाई ६ रनले पराजित गर्दै आइसिसी टि-२० विश्वकप क्रिकेट प्रतियोगितामा लगातार दोस्रो जित दर्ता गराएको छ । विश्वकपको पहिलो खेलमा भारतले आयरल्याण्डलाई पराजित गरेको थियो ।

अमेरिकाको न्युयोर्कमा गए राति सम्पन्न खेलमा भारतले दिएको एक सय सय २० रनको सामान्य लक्ष्य पछ्याएको पाकिस्तानले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय १३ रनमा समेटियो । पाकिस्तानका लागि मोहम्मद रिजवानले सर्वाधिक ३१ रन बनाए । त्यस्तै इमाद वासिमले १५ रन रन बनाउँदा बाबर आजम, उस्मान खान र फखर जमानले समान १३/१३ रन बनाए । पाकिस्तानलाई एक सय १३ रनमा समेट्ने क्रममा भारतका जस्प्रित बुम्राहले तीन विकेट लिए भने हार्दिक पन्ड्याले २ विकेट भाारे । त्यस्तै अर्शदिप सिंह र अक्षर पटेलले समान एक एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको भारतले १९ ओभरमा सबै १० विकेट गुमाउँदै एक सय १९ रनको योगफल बनाएको थियो । भारतका लागि रिशभ पन्तले सर्वाधिक ४२ रनको योगदान दिए । उनले ३१ बलमा ६ चौकासहित ४२ रन बनाए हुन । यस्तै अक्षर पटेलले १८ बलमा २० तथा कप्तान रोहित शर्माले १२ बलमा १३ रन जोडे ।

पाकिस्तानका लागि नसिम शाह र हरिस रौफले समान तीन तीन विकेट लिए भने मोहम्मद आमिरले २ विकेट लिए । त्यस्तै शाहिन शाह अफ्रिदीले एक विकेट भारे । यसहारसँगै पाकिस्तानको अन्तिम आठमा पुग्ने सम्भावनामा न्यून भएको छ । पाकिस्तानको यो लगातार दोस्रो हार हो । यसअघि पाकिस्तान अमेरिकासँग पराजित भएको थियो । यस जितसँगै भारतले दुई खेलमा ४ अङ्क जोडेको छ । अमेरिकाको पनि दुई खेलमा समान ४ अङ्क नै छ । क्यानाडाको दुई खेलमा २ अङ्क रहेको छ । पाकिस्तानको दुई खेलमा र आयरल्याण्डको एक खेलमा अङ्कविहीन छन् ।

# हेम्जाका डिभाइडमा फुलका बिरुवा रोप्दै अभियान्ताहरु

सविता गुरुङ/स्मृति गाहामगर

पोखरा, २८ जेठ



पोखराको जिरो किलोमिटरदेखि हल्नचोकसम्म पुग्दासडकको बिचको डिभाइडरमा हरिया धुपि र फुल ढकमक्क फुलेको भेटिन्छ । यो हरियाली र फुलहरुले लेकसाइड जाने पर्यटक र स्वदेशीको ध्यान तान्ने गरेको छ ।

यसलाई रेखदेख गर्न बेलाबेलामा यहाँका स्थानीय लागि रहन्छन् । यता रेखदेखको सिप बोकेर उनीहरु पोखरा २५ हेम्जाको अन्तर्गतको राजमार्ग सडक डिभाइडरमा पुगेको छन् । ठेकेदारले रोपेका बिरुवाहरु मर्दै गएपछि सडकलाई हरियाली बनान उपयुक्त फुलका बिरुवा बोकेर पोखरा ६ र ७ का अगुवाहरु रोप्न पुगेका हुन् । वातावरण संरक्षणका अभियान्ताहरु जगन्नाथ तिमिल्सिना, होमनाथ पहारी (माइला बा), राम बहादुर लामिछाने, ठाकुर बराल, सन्जय पौडेल, दामु बराल, राजेन्द्रराज रेग्मी, गंगाप्रसाद तिवारी पुगेका छन् । उनीहरुले लेकसाइडको डिभाइडरबाट फुलका कटिङहरु लगेर सारेका हुन् । अहिले सम्म १ हजार कर्बिर फुलका बिरुवा सारी सकेको अभियानका सदस्य दामु बरालले बताए । उनले अझै १ हजार भन्दा बढि कर्बिर फुलका बिरुवा रोप्ने तयार पारेको बताए । बिरुवा सार्नका लागि सहयोग गर्ने हेम्जा बासिलाई बरालले अनुरोध गरे । कर्बिरका दुई थरी रातो र सेतो फुल्ने फुल सारेको उनले बताए ।

पोखरा २५ का वडा अध्यक्ष मोती तिमिल्सिनाले उनीहरुको कामलाई धन्यवाद दिदै फेसबुकमा अन्यलाई पनि सहयोग गर्न आग्रह गरेका छन् । फुल हुर्काउन निकै मेहनत गर्नु पर्ने अभियानका सदस्य जगन्नाथ तिमिल्सिनाले बताए । उनकै नेतृत्वमा बिरुवा सार्ने काम भएको छ । यो बिरुवा हरियालि र सौन्दर्यकरणका लागि उपयुक्त भएको उनले बताए । विद्यार्थी पत्रकार

# पूर्ण क्षमतामा विद्युत उत्पादन सुरु

पोखरापत्र संवाददाता

लमजुङ, २८ जेठ

यहाँको मध्य-मर्स्याङ्दी जलविद्युत् आयोजनाले पूर्ण क्षमतामा विद्युत उत्पादन गर्न थालेको छ । नदीमा पर्याप्त पानी भएसँगै बैँसीसहर नगरपालिका-१ दलालस्थित ७० मेगावाटको आयोजनाले पूर्ण क्षमतामा विद्युत उत्पादन थालेको हो ।

हिउँदयाममा मर्स्याङ्दी नदीमा पानी घट्दा उत्पादन पनि घटेको थियो । पुनः तीन दिन अघिदेखि ७० मेगावाट नै उत्पादन हुन थालेको विद्युत उत्पादन केन्द्रका प्रमुख पवन बस्नेतले जानकारी दिनुभयो । उहाँका अनुसार गत मङ्सिरदेखि विद्युत उत्पादन घटेर फागुनमा २४ मेगावाट मात्र उत्पादन भएको थियो । चैत लागेपछि विस्तारै उत्पादन वृद्धि भइ ४०/४५ मेगावाट पुगेको थियो । एक हप्ता अघिदेखि ६० मेगावाट हुँदै हाल पूर्ण क्षमतामा उत्पादन भएको हो । यस जलविद्युत् आयोजनामा ३५/३५ मेगावाट क्षमताका दुई वटा टर्बाइन छन् । यो आयोजना सन् २००० मा निर्माण सुरु भई २००८ मा सम्पन्न भएको थियो । रु २७ अर्ब २० करोडको लागतमा निर्मित आयोजना जिल्लाकै पहिलो विद्युत आयोजनासमेत हो ।

जिल्लाभित्रै उत्पादन थालेको ५४ मेगावाटको सुपरदोर्दी 'ख', ५० मेगावाटको माथिल्लो मर्स्याङ्दी 'ए', ३० मेगावाटको न्यादी, २७ मेगावाटको दोर्दीखोला, २५ मेगावाटको माथिल्लो दोर्दी 'ए', २५, १२ दशमलव १ र पाँच मेगावाटको सिउरी, चार दशमलव चार मेगावाटको राँधी, तीन मेगावाटको मिदिम करापु र दुई मेगावाटको छ याङ्दी आयोजनालेसमेत विद्युत उत्पादन गरिरहेका छन् । जिल्लामा बर्सेनि मर्स्याङ्दी नदी, दोर्दी, किसेदी, मिदिम खोलालगायतका खोलामा पानीको बहाव कम हुँदा उत्पादन घट्ने र पानी पर्याप्त भएपछि पूर्ण क्षमतामा विद्युत उत्पादन हुने गरेको छ ।

# मणिमुकुन्देश्वर र कालीगण्डकी जोड्न पदमार्ग निर्माण

पोखरापत्र संवाददाता

वालिङ, २८ जेठ

स्याङ्जाको चापाकोट नगरपालिका-८ मा पदमार्ग निर्माण गरिएको छ । पदमार्ग निर्माणपछि यसबाट पर्यटन प्रवर्द्धनमा सघाउ पुगेको छ ।

धार्मिक, ऐतिहासिक एवम् पर्यटकीय दृष्टिले महत्वपूर्ण मणिमुकुन्देश्वर वेदविद्याश्रम गुरुकुल पाठशाला र पवित्र कालीगण्डकी नदीलाई जोड्ने गरी पदमार्ग निर्माण गरिएको छ । मणिमुकुन्देश्वरमा महादेवको विशाल मूर्ति तथा धार्मिक मठमन्दिर रहेकाले धार्मिक पर्यटनका दृष्टिले यसलाई विकास गर्दै लगिएको चापाकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ध्रुव खनालले बताउनुभयो ।

"विश्वकै पवित्र कालीगण्डकी नदी र किनारमा अवस्थित मणिमुकुन्देश्वरको धार्मिक महत्वबारे परिचित गराउन पदमार्ग निर्माण गरेका हौँ", उहाँले भन्नुभयो, "कालीगण्डकीमा स्नान गरेर मन्दिरमा पूजाआजा गर्न पदमार्ग निर्माणसँगै दर्शनार्थीलाई सहज भएको छ ।" मणिमुकुन्देश्वरको थप विकास गर्न नगरपालिका तथा अन्य दाताको सहयोगमा पूर्वाधार निर्माणको काम भइरहेको प्रमुख प्रशासकीय अधिकृत खनालले बताउनुभयो । कालीगण्डकीले कटान गरेको भिरालो जमिनका कारण त्यहाँ स्नान गर्न असहज भएकाले पदमार्ग निर्माण गरिएको पदमार्ग निर्माण समितिका अध्यक्ष झलकराम डोटेलले बताउनुभयो । "कालीगण्डकीमा हिँडेर जान बाटो थिएन, भीर थियो", उहाँले भन्नुभयो । गण्डकी प्रदेशको पर्यटन मन्त्रालयबाट प्राप्त रु दश लाखबाट कङ्क्रिट र फलामसहितको आकर्षक पदमार्ग निर्माण गरिएको हो । कडा चट्टानका कारण खनेर पदमार्ग बनाउन कठिनाइ भएकाले पनि केही ठाउँमा फलामको सिँढीसहितको पदमार्ग बनाइएको अध्यक्ष डोटेलले बताउनुभयो । कालीगण्डकी नदी र धार्मिक महत्वको स्थल मणिमुकुन्देश्वरलाई पदमार्गले जोडेसँगै अहिले यहाँ आन्तरिक पर्यटकको आकर्षण बढ्दै गएको छ । मणिमुकुन्देश्वरमा ' मणिमुकुन्देश्वर वेद विद्याश्रम गुरुकुल पाठशाला'समेत सञ्चालनमाछ।पदमार्गनिर्माणसँगै दैनिक यहाँका बटुकलाई पनि कालीगण्डकी किनारमा पुगेर स्नान गर्न सहज भएको छ । गुरुकुल पाठशालामा हाल अभिभावकविहीन आठसहित २९ विद्यार्थी अध्ययनरत रहेका गुरुकुल पाठशाला व्यवस्थापन समितिका अध्यक्ष नारायण बरालले बताउनुभयो । स्याङ्जासहित पाल्पा, बाजुरा, मुगु लगायतका जिल्लाबाट विद्यार्थी यहाँ पढ्न आएका छन् ।

# विद्यार्थीलाई कपाल काट्ने सीप सिकाउँदै भुम्रे मावि

पोखरापत्र संवाददाता

स्याङ्जा, २८ जेठ

स्याङ्जाको वालिङ-९ मा स्थित भुम्रे माध्यमिक विद्यालयले विद्यार्थीलाई कपाल काट्ने सीप सिकाउन तालिम सुरुआत गरेको छ ।

व्यवहारिक सीप मार्फत विद्यार्थीलाई आत्मनिर्भर बनाउने उद्देश्यले तालिम थालिएको विद्यालयका प्रधानाध्यापक तिलकप्रसाद पराजुलीले बताउनुभयो । जिल्लाकै पुरानो सो सामुदायिक विद्यालय कक्षा १० सम्म सञ्चालनमा रहेको छ । विद्यालयले कक्षा ८, ९ र १० मा अध्ययनरत इच्छुक छात्रछात्रालाई निःशुल्करुपमा कपाल काट्न तालिम सञ्चालन गरेको हो । "विद्यार्थीलाई किताबी ज्ञानले मात्रै पुग्दैन, उनीहरुलाई व्यवहारिक, जीवनोपयोगी खालका प्राविधिक ज्ञान सीप आवश्यक हुन्छ", प्रअ पराजुलीले भन्नुभयो, "आज सिकेको सीपलाई भविष्यका दिनमा प्रयोग गरी व्यावसायिक बन्दै आर्थिक उपार्जन गर्नमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएका छौँ ।" भविष्यमा स्वदेशमै व्यावसायिकरुपमा आफूले जानेको सीपको प्रयोगमार्फत आम्दानीसित जोडिनका लागि सहयोग पुग्ने दाबी उहाँको छ । वैदेशिक रोजगारीमा जाँदा पनि सीप सिकेर जाँदा राम्रो हुने भएकाले प्राविधिक ज्ञान सीप विद्यार्थीलाई दिन थालिएको उहाँले बताउनुभयो । "विद्यालयले व्यवहारिक ज्ञान सीप बाँड्ने अभियानमार्फत पहिलोपटक कपाल काट्ने सीप सिकाउन सुरु गरेको हो", उहाँले भन्नुभयो, "आगामी दिनमा विद्यार्थीको रुचिअनुसारका तालिम सञ्चालन गर्दै अगाडि बढ्छौँ ।" विद्यालयको आन्तरिक स्रोतबाट वार्षिक कार्ययोजनाअन्तर्गत छात्रछात्रा लक्षित कपाल काट्ने सीप सिकाइएको हो । प्राविधिक ज्ञान सीप भएको मानिस बेरोजगार बस्न नपर्ने भएकाले यसको महत्व उच्च रहेको प्रशिक्षक सुनबहादुर घर्तीले बताउनुभयो । विद्यालय परिसरभित्रै प्रशिक्षक घर्तीले विद्यार्थीलाई आलोपालोरुपमा कपाल काट्न सिकाउँदै आउनुभएको छ । पछिल्लो समय सामुदायिक विद्यालयमा विद्यार्थीको चाप घट्दै जाँदा भुम्रे माविले प्रयोगात्मक विधिमार्फत विद्यार्थी आकर्षण गरेको हो । विद्यालयले सैद्धान्तिक ज्ञान र व्यवहारिक ज्ञान सँगसँगै अगाडि बढाएको हो ।

# राष्ट्रिय परिचयपत्र दर्ताका लागि पालिकागत तालिका बनाउन माग

पोखरापत्र संवाददाता

तनहुँ, २८ जेठ

जिल्ला प्रशासन कार्यालय तनहुँमा राष्ट्रिय परिचयपत्र दर्ताका लागि सेवाग्राहीको भीड बढेर सास्ती भएपछि पालिकागत तालिका बनाएर सेवा दिन माग गरिएको छ ।

कार्यालयमा दैनिक सयौँको सङ्ख्यामा राष्ट्रिय परिचयपत्रका लागि सेवाग्राहीको भीड बढेपछि पालिकागत समय निर्धारण गरी सेवालाई सहज बनाउन माग गरिएको हो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तनहुँले सोमबार प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमलाई ज्ञापनपत्र बुझाउँदै राष्ट्रिय परिचयपत्रका लागि सहज रुपमा सेवा पाउने वातावरण सिर्जना गर्न माग गरेको हो । विशेषगरी ज्येष्ठ नागरिकहरुले भोगुपरेका समस्या समाधानका लागि पालिकागत तालिका बनाइ सेवा प्रवाह गर्न आग्रह गरिएको रास्वपाका जिल्ला संयोजक विश्व बाँस्तोलाले जानकारी दिनुभयो । कार्यालयमा हाल चारवटा दर्ता कक्षबाट सेवा प्रवाह भइरहेको छ । ती कक्षबाट दुई सय ५० जनालाई मात्रै सेवा दिन सकिने भए पनि सेवाग्राहीको भीड भने पाँच/छ सयको हुने गरेको प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले जानकारी दिनुभयो ।

# उत्कृष्ट चार जना कृषक पुरस्कृत

पोखरापत्र संवाददाता

म्याग्दी, २८ जेठ

म्याग्दीका चार जना उत्कृष्ट किसानलाई सोमबार बेनीमा नगदसहित पुरस्कृत गरिएको छ ।

कृषि ज्ञान केन्द्रले दुई जना पशुपालक र दुई जना फलफूल तथा तरकारीखेती गर्ने किसानलाई नगद रु १० हजारसहित पुरस्कृत गरेको हो ।

पुरस्कृत हुनेमा मङ्गला गाउँपालिका-१ का केसी कृषि तथा पशुपक्षी फार्मका ठहरबहादुर केसी, बेनी नगरपालिका-१ आनन्दबगरका गिरी पोल्ट्री तथा कृषि फार्मका दल गिरी पुरी, बेनी नगरपालिका-४ डाँडाखेतको एकता रिसर्च एण्ड रिसोर्टका महेन्द्र बानियाँ र बेनपा-६ को वरदान पशुपक्षी फार्मका दुर्गाप्रसाद पौडेल रहनुभएको कृषि ज्ञान केन्द्रका प्रमुख सञ्जिव बास्तोलाले जानकारी दिनुभयो ।

केन्द्रका प्रमुख बास्तोला, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख डा भरत रेग्मी, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका कृषि अधिकृत विक्रम बस्यालले पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

कृषकलाई प्रोत्साहन र हौसला प्रदान गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकारको चालु आर्थिक वर्षको वार्षिक कार्यक्रमअनुसार कृषक दिवसको अवसर पारेर पुरस्कृत गरिएको हो ।

# एसइइ दिएर बसेका विद्यार्थीलाई ब्युटी पार्लर तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ

माध्यमिक शिक्षा परिक्षा दिएर बसेका विद्यार्थीलाई ब्युटी पार्लर तालिम दिइएको छ।

बाटुलेचौरमा रहेको विन्ध्यवासिनी माध्यमिक विद्यालयले आफ्ना ३४ जना छात्रालाई तालिम दिएको हो।

७ दिनसम्म संचालन भएको तालिममा विद्यालयका अभिभावक समेत रहेका ब्युटीसियन श्रृष्टि पुन र विना थापाले अनुहारको हेरचाह तथा सौन्दर्यकरणका विषयमा सहभागी विद्यार्थीलाई तालिम दिएका



थिए । शिक्षक अभिभावक संघको नेतृत्व तथा विद्यालयको व्यवस्थापनमा संचालित तालिमको सोमबार एक कार्यक्रमका विच समापन गरिएको छ । कार्यक्रममा तालिममा सहभागि विद्यार्थीलाई विद्यालयका प्रअ कृष्णप्रसाद आर्चाय, सहायक प्रधानाध्यापक रामबहादुर बानियाँ, विद्यालय व्यवस्थापन समितिका सदस्य ईन्दु भट्टराई अभिभावक द्वय मुना पौडेल, अन्जना तिमिल्सिना लगायतकाले प्रमाण पत्र प्रदान गरे। कार्यक्रममा बोल्दै प्रधानाध्यापक कृष्णप्रसाद आर्चायले अभिभावकले सिकेको सीपलाई विद्यार्थीको माझ पुर्याएको वताए । उनले फुर्सदको समयमा सिप सिक्दा क्षमता वृद्धि हुनुका साथै जीवनोपयोगी हुने वताए । सो अवसरमा प्रशिक्षक पुन र थापालाई विद्यालयले सम्मान समेत गरेको छ।

विद्यालयले निकट भविष्यमा विद्यार्थी केन्द्रित अन्य सिप सिकाउने तयारी समेत गरेको बताएको छ।

# उपशाखा १० को ४ दिने कौशीखेती तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ

वडा भित्र रहेका हरेक नागरिकले आफूलाई आवश्यक पर्ने सागपात तरकारी र सानातीना फलफुहरू आफ्नै घर को छतमा उत्पादन गरि हाल बजारमा ल्याइने बिषाधी मुक्त सागसब्जी उत्पादन गरि धैरै नभएनी आफूलाई बिहान बेलुकीको छाक आफ्नो मिहिनेत ले आफ्नै कौशी बारीबाट उत्पादन गरि स्वास्थ्यकार बन्ने बनाउने उद्देश्यका साथ नेपाल रेडक्रस सोसाइटी पोखरा-१० उपशाखाले वडा कार्यालय वडा नकक १० को आर्थिक सहयोग र पोखरा महानगर पालिका कृषि महाशाखा को प्राबिधिक सहयोगमा वडा स्तरिय ४ दिने कौशी खेती, करेसा बारी खेती का साथ मल बिउ बितरण गरि सम्पन्न भएको छ।

वडा नं १० का वडा अध्यक्ष राजेश गुरूङ्गको प्रमुख अतिथिमा ब्यानरमा हस्ताक्षर गरि सुभारम्भ गरिएको उक्त तालिमको सफलताको शुभ कामना दिनुहुदै तालिममा सहभागीहरूले आफु र आफ्ना लागी मात्र नभै आ आफ्ना छरछिमेक लाईसमेत कौशीखेती गर्न प्रेरित गराउदै लैजानु पर्ने बताउनु हुदै कौशीखेती सम्बन्धि संजाल बनाई कौशीखेती लाई आबस्यक परे सहयोग गर्ने बचन दिनु भयो । नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखाका १५ जना सदस्यहरूद्वारा भोलिन्टिएर गरि ब्यबस्थित गरिएको तालिममा वडा नं १० को बिषेश आर्थिक तथा नैतिक सहयोग पोखरा महानगर पालिका कृषी महाशाखा को प्राबिधिक सहयोगमा सम्पन्न



वडा स्तरिय ४ दिने कौशीखेती, करेसा बारी खेती तालिम तथा मल, बिउ र जिम्बुका बेर्ना बितरण कार्यक्रममा वडा नं १० भित्र रहेका टोल विकास सस्था र आमा महिला समितिहरूका करिब २ सय जनाको सहभागिता मा ४ दिन सम्म संचालन गरी सम्पन्न गरिएको उक्त तालिममा प्रमुख प्रशिक्षक पोखरा महानगर पालिका कृषि महाशाखाका प्रमुख मनहर कडरिया, कृषि महाशाखाका ना. प्रा. स. उमा पुन र कृषि महाशाखाका बिष्णु भट्टराईले प्रशिक्षण दिएको उक्त तालिममा कौशीखेती बाट हुने फाइदाका बारेमा प्रस्ट पार्नुहुँदै कौशीमा खेती गर्दा अपनाउनु पर्ने काममा माटोलाई स्वास्थ्यकार कसरी बनाउने फलफूलका बोटमा झ्याम्म परेका पातहरूलाई राख्न नहुने र एक पटक बिरुवा लगाएसी अर्को पल्ट सिधै अर्को बिरुवा लगाउन नहुने लगायतका बिषयमा ईस्पष्ट बुझ्ने भाषामा सिकाइएको उक्त तालिममा तालिमका प्रशिक्षार्थी माया गुरुङ्ग भुजेल, लेक माया पुन, डीएसपी दुर्गा बहादुर कुँवर र तारा सापकोटा ले आफुले लिएको तालिम बाट प्रभावित भएको र आफू र आफ्ना छरछिमेक लाइ कौशीखेतीका बारेमा चेतना जागरण गराउने बचन दिनु भयो । वडा स्तरिय ४ दिने कौशीखेती, करेसा बारीखेती तथा मल, बिउ र जिम्बुका बेर्ना बितरण का साथ कम्पोष्ट मल बनाउने ड्रम ५० जनालाई ५०% छुटमा बितरण गर्ने कार्यक्रममा वडा नं १० का वडा सदस्य नरदेबी गुरुङ्, वडा सदस्य परमेश्वर बहादुर कार्की, वडा सदस्य पुर्णचन्द्र न्यौपाने, वडा न १० का वडा सचिव दमयन्ती पराजुली, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्कीका उप सभापती उर्मिला खड्का , नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखाका निबर्तमान सभापती सम्मर बहादुर श्रेष्ठ लगायतका ब्यक्तिहरूले आ आफ्नो बिचार राख्नु भएको थियो । उक्त तालिममा उपशाखाका सदस्य निर्मला श्रेष्ठ ले रेडक्रस का सात सिद्धान्त बाचन गर्नु भएको कार्यक्रममा उपशाखा १० का उपसभापति पबित्रा देबी गुरुङ्गले उपस्थित सबैलाई स्वागत मन्तव्य द्वारा स्वागत गरिएको उक्त तालिम नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखाका सभापती जीवन श्रेष्ठ को सभाअध्यक्षतामा सम्पन्न तालिम को उपशाखाका सचिव बिन प्रसाद गुरुङ्गले संचालन गर्नुभएको थियो।

# सात दिने आधारभूत लेखा तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ

पोखरा महानगरपालिकाको व्यवसाय प्रवर्द्धन केन्द्रले पोखरा उद्योग वाणिज्य संघसँगको सहकार्यमा ७ दिने आधारभूत लेखा तालिम संचालनमा ल्याएको छ।

सोमबारबाट सुरु भएको तालिममा ३० जनाभन्दा बढीको सहभागिता रहेको छ । पोखरा महानगरपालिकाको व्यवसाय प्रवर्द्धन केन्द्रका प्रमुख कार्यकारी अधिकृत नवराज अधिकारीका अनुसार चुस्त-दुरुस्त रुपले लेखा व्यवस्थापन गर्ने दक्ष जनशक्ति उत्पादनको लागि निःशुल्क तालिमको आयोजना गरिएको हो। 'लेखा व्यवस्थापन गर्नु भनेको सम्पत्ति संरक्षणमात्र हैन, कानूनी



झमेलाबाट मुक्ति पाउनु पनि हो,' उनले भने, 'सही तरिकाले लेखा नराख्दा झमेलामा पर्न सकिन्छ। चुहावत हुनसक्छ,त्यसैले सही तरिकाले लेखा राख्नैपर्छ ।' उनले लेखापालको जागिर आफैमा आकर्षक रहेको पनि जिकिर गरे।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखरा महानगरपालिकाका वित्त महाशाखा प्रमुख जयराम पौडेलले लेखा प्रणाली भनेको व्यक्ति तथा व्यवसायीको जीवनको अत्यावश्यक सर्त रहेको बताए। उनले सही तरिकाले लेखा राख्दा दण्ड-जरिवानाको झन्झट नआउने र आफ्नो सम्पत्तिको सही सुरक्षा हुनेसमेत धारणा राखे । पोखरा उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष गोकर्ण कार्कीले वित्त व्यवस्थापनको प्रारम्भिक कार्य नै लेखाबाट सुरु हुने बताउँदै सही तरिकाले लेखा राख्नु व्यवसायी स्वयंको लागि पनि राम्रो हुने बताए । उनले नियामक निकायहरुलाई भुलवशः हुने गरेका सामान्य त्रुटिलाई देखाएर ठूलो दण्ड-जरिवाना गर्नुभन्दा वित्तीय साक्षरता र यस्ताखालका तालिम आयोजना गर्न पनि सुझाए । पोखरा उद्योग वाणिज्य संघका महासचिव बलराम आचार्यको संचालन रहेको कार्यक्रममा प्रशिक्षक अपिल सिग्देललगायतले वित्त व्यवस्थापनका फाइदा तथा तालिमले दिने रोजगारीबारे प्रकाश पारेका थिए।

# लमजुङमा बर्खे धान रोप्न सुरु

**पोखरापत्र संवाददाता**
लमजुङ, २८ जेठ

यहाँ यतिबेला असार अगावै बर्खे धान रोप्न सुरु भएको छ। पानी पर्न थालेसँगै एक हप्ता अघिदेखि लमजुङमा धानको रोपाइँ सुरु भएको कृषि ज्ञान केन्द्रले जनाएको छ।

केन्द्रका सूचना अधिकारी तथा बाली संरक्षण अधिकृत विजयराज पौडेलका अनुसार जिल्लाको राइनास नगरपालिका, मध्यनेपाल नगरपालिका र मर्स्याङ्दी गाउँपालिकाको बेँसीका फाँटमा धान रोप्न सुरु गरिएको हो । यसबाहेक पनि जिल्लाका अधिकांश ठाउँमा धान रोपाइँको तयारी भइरहेको उहाँको भनाइ छ । मर्स्याङ्दी वडा नं ५ घेर्मुका किसानले केही दिनअघिदेखि घेर्मुफाँटमा धान रोप्न सुरु गरेको किसान काम सार्की गुरुङले बताउनुभयो ।



लमजुङमै सबैभन्दा पहिले धान रोप्ने कार्य सुरु गरिने ठाउँ भनेर घेर्मुलाई चिनिन्छ । चिसो ठाउँ भएकाले र प्रशस्त पानीको सुविधा भएकाले धान रोपाइँ सुरु गरेको स्थानीय बबिता घलेले बताउनुभयो।

सो वडाका वडाध्यक्ष लेखमान गुरुङले वडाका फाँटहरूमा केही दिनअघिदेखि धमाधम धान रोपाइँ भइरहेको बताउनुभयो । विगतका वर्षमा 'हाइब्रिड' धान धेरै लगाउने गरे पनि गत वर्षदेखि स्थानीय जातको धानलाई प्राथमिकतामा दिँदै स्थानीय जातको धान घेर्मुफाँटमा लगाउन थालेको किसानहरूले बताएका छन् । जिल्लाका ठूला-ठूला फाँट राइनासटार, धमिलिकुवा, भलाखर्क, चक्रतीर्थ, रामचोकबेँसी, भोर्लेटार, दुईपिप्ले, सोतीपसल, परेवाडाँडा, सुन्दरबजार, सत्रसयलगायत स्थानमा रोपाइँ हुने तयारीमा रहेको किसानले बताएका छन् । किसानले रामधान, सुनौलो सुगन्ध, सुख्या-२, सावित्री, जेठोबुढो, एक्ले, लोकतन्त्रलगायत उन्नत जातका धानका साथै लोकनाथ, गोरखनाथ, युएस-३१२, मकवानपुर, वर्षे ३००४, मनसुली लगायतका हाइब्रिड जातका धान लगाउँदै आएका छन् । कृषि ज्ञान केन्द्रका अनुसार जिल्लामा करिब १० हजार हेक्टर क्षेत्रफल जमिनमा धानखेती गरिँदै आएको छ। किसानहरूले पानी कम हुने ठाउँमा भने सुक्खा-१, सुक्खा-२, सुक्खा-३ लगाउने गरेका छन्। गत वर्षको तुलनामा यस वर्ष धान रोपाइँ छिटो सुरु भएको र पानी पर्याप्त भएमा चाँडै रोपाइँ सकिने केन्द्रले जनाएको छ । यतिबेला धान रोपाइँका लागि किसानहरू व्यस्त हुन थालेको बताइएको छ।

# सेञ्चुरी बैंकका तत्कालीन अध्यक्ष श्रेष्ठसहित नौ जना पक्राउ

**रासस**
काठमाडौं, २८ जेठ

केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) को टोलीले ठगी मुद्दामा अनुसन्धानका लागि सेञ्चुरी बैंकका तत्कालीन अध्यक्ष राजेश श्रेष्ठसहित नौजनालाई पक्राउ गरेको छ।

ठगी मुद्दामा अनुसन्धानका लागि तत्कालीन अध्यक्ष राजेश श्रेष्ठ, सुनिलकुमार न्यौपाने, प्राडा गीता प्रधान, रमेशकुमार निरौला, रणबहादुर श्रेष्ठ, राजेशकुमार दली, उमाकुमारी श्रेष्ठ, शिवगोपाल रिसाल तथा अभिषेक बज्राचार्यलाई पक्राउ गरिएको सीआइबीका प्रवक्ता एवं प्रहरी उपरीक्षक होबिन्द्र बोटगीले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "ठगीको मुद्दामा अनुसन्धानका लागि सेञ्चुरी बैंकका नौजना पक्राउ परेका छन्, अभिषेक बज्राचार्यलाई सुनसरीबाट आज पक्राउ गरिएको हो।" यसअघि कमसल धितोमा बढी कर्जा प्रवाह गरेको आरोपमा गत फागुन १५ गते सेञ्चुरी बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोज न्यौपाने र तुलसी गौतमसहितका अन्य कर्मचारी पक्राउ परेका थिए । सेञ्चुरी बैंकमा रहँदा कमसल धितोमा रु दुई अर्ब ११ करोड ६५ लाख ५५ हजार कर्जा प्रवाह गरेको सिआइबीको अनुसन्धानले देखाएको छ। उक्त ऋण धितोभन्दा रु ९७ करोड ४१ लाख ७० हजार ७७२ ले बढी पाइएको सीआइबीको दाबी छ । बयानपछि पक्राउ परेका सबै गत चैतमा हाजिर जमानीमा छुटेका थिए।

हाल सेञ्चुरी बैंक प्रभु बैंकमा गाभिइसकेको छ । देउराली बहुउद्देशीय सहकारी संस्था लिमिटेडका अध्यक्ष रवीन्द्र चौलागाईंको योजना र मिलेमतोमा सेञ्चुरी बैंकका तत्कालीन चिफ क्रेडिट अफिसर राजेश भण्डारी, तत्कालीन सिइओ न्यौपाने, त्यसअघिका सिइओ गौतमलगायतका व्यक्तिले कमिसन लिई कम धितो राखेर बढी ऋण प्रवाह गरी बैंकलाई हानी नोक्सानी पुऱ्याएको आरोप छ।

बचतकर्ताको रु सात अर्ब हिनामिनाको आरोप लागेका देउरालीका अध्यक्ष चौलागाईं अहिले प्रहरी हिरासतमा रहेका छन्।

देउराली सहकारी र रवीन्द्र चौलागाईंका विभिन्न कम्पनीलाई कमसल धितोकै आधारमा बैंकबाट कर्जा प्रवाह गरी घोटाला गरेको उनीहरुमाथि आरोप लागेको छ।


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना ।

**(तेस्रो पटक प्रकाशित मिति २०८१/०२/२९ गते मंगलबार)**

यस श्री इनर्जेटिक बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालयबाट तपशिलमा उल्लेखित ऋणीले व्यवसाय कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, व्याज र अन्य दै-दस्तर समेत यसै संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा विभिन्न मितिमा पत्राचार गर्दा समेट सो को वेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनुपर्ने रकम नबुझाई कर्जा सम्बन्धी सर्त बन्देज उल्लङ्घन गर्नुभएकोले ऋण कर्जा चुक्ता भुक्तान गर्नका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस संस्थामा सम्पर्क राखि संस्थाबाट लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। उक्त अवधीभित्र तपाईले यस संस्थाबाट कर्जाको साँवा, व्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति सहकारी ऐन अर्न्तगत दिएका अधिकार प्रयोग गरी लिलाम विक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउदछौं। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा व्यक्तिगत धन जमानी कर्ताको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर असुल उपर गर्नका लागि अन्य कानुनी प्रक्रिया अगाडि बढाईने व्यहोरा ऋणी, धनजमानी कर्ता तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ।

**तपशिलः**

**ऋणीको विवरण**

**नामः** प्रविण जंग अधिकारी
**बाबुको नामः** शेरजंग अधिकारी
**बाजेको नामः** बाल नरसिं
**स्थायी ठेगानाः** भीरकोट नगरपालिका-३, स्याङ्जा
**हालको ठेगानाः** पुतलीबजार नगरपालिका-३, स्याङ्जा
**नागरिकता नं.:** १२०६०
**जारी मिति र जिल्लाः** २०५०/०३/०३, स्याङ्जा



**धितो सुरक्षणको विवरणः** प्रविण जंग अधिकारीको नाममा मालपोत कार्यालय, स्याङ्जामा दर्ता श्रेष्ता कायम रहेको साविक स्याङ्जा पुतलीबजार-५, हाल पुतलीबजार नगरपालिका -३, कालीमाटी स्थित कित्ता नं. २२७९ को क्षेत्रफल ०-५-०-१ को जग्गा।

इनर्जेटिक
**श्री इनर्जेटिक बचत तथा ऋण सहकारी संस्था लि.**
**SHREE ENERGETIC SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.**

**केन्द्रीय कार्यालयः**
**पुतलीबजार नगरपालिका-१, स्याङ्जा**
**फोन नं.: ०६३-४२००२४**